# एक



**युवराज घिमिरे**

**युवराज घिमिरे** *समय* म्यागेजिन र *न्यूज फ्रन्ट* साप्ताहिकका सम्पादक हुनुहुन्छ। यसअघि उहाँले *कान्तिपुर* र *द काठमाण्डु पोस्ट*मा करिब तीन वर्ष सम्पादकका रूपमा काम गरिसक्नुभएको छ। उहाँ आफ्नो पत्रकारिता जीवनको प्रारम्भिक कालमा भने भारतीय सञ्चारमाध्यममा नै सक्रिय हुनुहुन्थ्यो। उहाँले त्यहाँ सन् १९८३ मा समाचार एजेन्सी युएनआईबाट पत्रकारिता सुरु गर्नुभएको थियो। भारतमा छँदा घिमिरेले क्रमशः *द टेलिग्राफ* र *इण्डिया टुडे*मा विशेष संवाददाता, *आउटलुक*मा एसिस्टेन्ट एडिटर र *इण्डियन एक्सप्रेस*मा एसोसिएटेड एडिटर भई काम गर्नुभएको थियो। सन् १९९८ मा उहाँ बीबीसी नेपाली सेवामा काम गर्न लण्डन जानुभयो र करिब दुई वर्षपछि नेपाल फर्किएर नेपाली पत्रकारितामा प्रत्यक्षतः सक्रिय हुनु भएको हो। उहाँ अहिले पनि भारतीय दैनिक *इण्डियन एक्सप्रेस*मा नियमित स्तम्भकारका रूपमा क्रियाशील हुनुहुन्छ।

**तपाईंले लामो समय नेपाल बाहिर बसेर पत्रकारिता गर्नुभयो। पछिल्लो ६ वर्षदेखि मात्रै नेपाली पत्रकारितामा संलग्न हुनुहुन्छ। नेपालको र अन्यत्रको पत्रकारितामा कस्तो समानता र भिन्नता पाउनुभयो ?**
नेपाल र मैले काम गरेको 'बाहिर' को पत्रकारितामा अनेक समानता र अनेक भिन्नता छन् । तर ती समानता र भिन्नतालाई 'जनरलाइज' गर्न सम्भव देखिँदैन ।

प्रविधिको विकास, व्यावसायिक प्रतिस्पर्धा, पत्रकारितालाई अन्य प्रयोजनका लागि प्रयोग गरिने प्रवृत्तिमा समानता हुन सक्छन् फरक डिग्रीमा । तर प्रस्तुति, योग्य व्यक्तिहरूको बाहुल्यता, पेशाले पाएको सम्मान या मान्यता अनि निकै हदसम्म आर्थिक सुरक्षाको प्रत्याभूति भएको पाएँ मैले भारतको 'मूलधार' पत्रकारितामा । नेपालमा प्रस्तुतिको शैलीमा सुधार र योग्यता हासिल गरेका व्यक्तिहरूले यो पेशामा प्रवेश गर्ने क्रम बढे पनि अरू मामिलामा हामी पछाडि नै परेको जस्तो लाग्छ ।

**नेपाली मिडियामा उद्घाटन, गोष्ठी, सभा, जुलुस जस्ता पूर्वघोषित औपचारिक कार्यक्रमका समाचार सामग्री नै आइरहेका हुन्छन् । पत्रकारले आफैँले खोजेर ल्याउने समाचार किन कम भएको होला ?**
औपचारिक कार्यक्रमबारे अक्सर 'न्यूज पेपरहरू' मा रिपोर्ट बढी नै हुने गर्छन् । सञ्चारमाध्यमका कार्यालयले नियमित 'बीट' भनेर छुट्ट्याउने विषयहरूमा राजनीतिक दल, ठूला एनजिओ, मन्त्रालय र तिनीहरूले आयोजना गर्ने कार्यक्रमहरू नै पर्ने गर्छन् । खोजी, अनुसन्धानमा आधारित पत्रकारिता विकसित भएमा औपचारिक न्यूजले कम स्थान पाउने छ ।

**२०५८ जेठ १९ को दरबार हत्याकाण्ड हुँदा तपाईं *कान्तिपुर*मा सम्पादक हुनुहुन्थ्यो। यसबारे खोजबिन गरेर सत्यतथ्य अगाडि ल्याउने सम्भावना त थियो नि। तर किन त्यस बेला *कान्तिपुर*ले सतही रिपोर्टिङबाहेक केही गर्न सकेन ?**
दरबार हत्याकाण्डमा मात्र हैन महत्त्वपूर्ण विषयमा नेपालको खोजी पत्रकारिता कमजोर छ । अझ, त्यो विकसित नै भएको छैन । जहाँसम्म दरबारकाण्डको घटना हो, त्यसको छानबिनको प्रयास नभएका हैनन् । संस्कारगत कारणका नाउँमा भौतिक प्रमाणहरू नष्ट गरिएकाले तथ्य र घटनास्थलमा पहुँच हुन सक्ने अवस्था थिएन । सरकारले संसदमा घटनाबारे विवरणसम्म दिन चाहेन । त्यसैले

त्यस बेला चाहे म सम्पादक रहेको *कान्तिपुर* होस् या अन्य कुनै प्रकाशन, अवधारणात्मक आशङ्का र आलोचनामा आधारित सतही लेख तथा रिपोर्टबाहेक अरू केही बाहिर निस्कन सक्ने सम्भावना थिएन ।

**तपाईं सम्पादक हुँदा *कान्तिपुर* र *काठमाण्डु पोस्ट*मा आफ्नै रिपोर्टरहरूलाई नै नियमित स्तम्भकार बनाइएको थियो । किन, बाहिर राम्रो लेख्ने मान्छे नभएर हो ?**

यो प्रश्न सतही छ र सत्यबाट टाढा छ । मैले *कान्तिपुर*मा करिब साढे तीन वर्ष सम्पादकको हैसियतमा काम गरेँ । अन्तिम १६ महिना जति म *द काठमाण्डु पोस्ट*को पनि सम्पादक रहेँ । *कान्तिपुर*को विचार पेजमा विभिन्न मान्यता र सोच बोकेका अभिव्यक्तिहरूलाई बिना सेन्सर ठाउँ दिने क्रम सुरु गर्‍यौँ । रिपोर्टरहरूले पनि आफूले सङ्कलन गरेका सूचना र आर्जन गरेका अनुभवलाई विचारको अभिव्यक्तिका रूपमा त्यसलाई लेखून् भन्ने आशय थियो पेज ७ (विविध) मा उनीहरूलाई ठाउँ दिँदा । *कान्तिपुर*का रिपोर्टर भएकै आधारमा उनीहरूलाई वञ्चित गर्नु पर्छ या उनीहरू सधैँ पहिचानरहित वस्तु हुनुपर्छ भन्ने मान्यताको विरोधी थिएँ म । अझ सबभन्दा ठूलो कारण थियो त्यसको– म भावी नेतृत्व, सम्पादकीय हैसियत आदि विकसित होस् उनीहरूमा भन्ने चाहन्थेँ । *काठमाण्डु पोस्ट*मा झण्डै त्यही शैली अपनाएँ मैले । बाहिर लेखकहरू अवश्य थिए । स्तर राम्रो र सङ्ख्या ठूलो पनि थियो उनीहरूको । तर, बाहिर कुनै लेखकलाई वञ्चित गरेर भित्रकालाई ठाउँ दिएको भन्ने मान्यता सही हुने छैन ।

**स्तम्भ सुरु गरिसकेपछि त लेख्ने विषय गहकिलो भए पनि नभए पनि कनीकुथी केही न केही लेख्नैपर्ने हुन्छ । त्यसले गर्दा कम गुणस्तरीय लेख पनि पत्रिकामा छापिन्छ । त्यसैले अचेल यस्तो हुन नदिन केही पत्रिकाले नियमित स्तम्भकार घटाएका छन् । तपाईंको अनुभव कस्तो छ ?**

जहाँसम्म नियमित स्तम्भकारको लेखमा गहकिलोपन रहँदैन भन्ने कुरा हो, त्यो त प्रकाशन बाहिरका स्तम्भकारहरूका लागि लागू हुन्छ । मैले केही स्तम्भकारहरूमा जमिनदारी मान्यता पाएको छु, जो यो सोच्छन् कि उनीहरूको स्तम्भ र विचार जस्तोसुकै स्तर र अवस्थामा पनि निश्चित स्थानमा छापिनै पर्छ र त्यसमा सम्पादकीय सुझाव समेतको स्थान हुनुहुँदैन । हो, विचारको स्रोत ती स्तम्भकारहरू भए पनि पत्रकारिता मान्यता, स्तर र सिद्धान्त विपरीत जाँदा सम्पादकले उनीहरूलाई जहिले पनि सचेत गर्न या त्यस्ता स्तम्भलाई रोक्न सक्छ ।

नियमित स्तम्भकारहरू घटाउनु पछाडि सम्भवतः अहिलेको अवस्थामा प्रकाशनको आर्थिक कारण हुन सक्छ । स्तरका कारणले त्यस्तो भएको जस्तो मलाई लाग्दैन ।

**नयाँ पुस्तासँग कत्तिको आशावादी हुनुहुन्छ त ?**
म निकै आशावादी छु । किनकि राम्रा-राम्रा विद्यार्थीहरू पत्रकारितामा संलग्न छन् । तर, उनीहरूलाई यो व्यवसायमा आकर्षित गर्न न्यूनतम भौतिक सुविधा र सुरक्षाको ग्यारेन्टी हुनु आवश्यक छ ।

**अहिले तपाईं नेपाली साप्ताहिक *समय* र अङ्ग्रेजी साप्ताहिक *न्युजफ्रन्ट*को सम्पादक हुनुहुन्छ । पहिले पनि *कान्तिपुर* र *काठमाण्डु पोस्ट* दुवैमा सम्पादक हुनुहुन्थ्यो । नेपाली र अङ्ग्रेजी पत्रिकामा काम गर्दा केही फरक अनुभव पाउनुभएको छ कि ?**
पक्कै पनि फरक अनुभव छन् नेपाली र अङ्ग्रेजी पत्रिकाका सम्पादकका रूपमा काम गर्दाका । दुवैका पाठकहरूका 'टेस्ट' मा केही समानता भए पनि फरक पनि अनेक छन् । अङ्ग्रेजी पाठक सीमित र सहरी क्षेत्रमा छन् । कतिपय विदेशी नेपालबारे सामान्य जानकारी राख्न मन पराउँछन् । र उनीहरूका लागि अङ्ग्रेजी माध्यम सहज हुन्छ । तर, नेपाली पाठकहरूमा अहिले राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाबारे विविध र विस्तृत विवरणको भोक पनि बढ्दो छ ।

**दैनिक पत्रिकाको सम्पादक हुनु र *समय* जस्तो साप्ताहिक म्यागेजिनको सम्पादक हुनुमा कुन बढी चुनौतीपूर्ण लाग्यो तपाईंलाई ? *समय*मा सम्पादकका रूपमा तपाईंले गर्ने काम के के हुन्छन् ?**
मैले भारतमा पनि दैनिक, पाक्षिक र साप्ताहिक, अनि फेरि दैनिकमा काम गरेको छु । दैनिकमा घटनाको तत्कालीक विवरणका साथ केही विश्लेषण जाने गर्छन् । साप्ताहिकमा विश्लेषणात्मक र स्पष्ट सन्देशका साथ रिपोर्टहरू जाने गर्छन् । सम्पादक चाहे अङ्ग्रेजी होस् या नेपाली, त्यो हैसियत त्यत्तिकै चुनौतीपूर्ण र जवाफदेहीपूर्ण हुने गर्छ । भाषाको फरकले सम्पादकको चुनौतीलाई कम बेसी गर्दैन । म्यागेजिनको योजना, जिम्मेवारी बाँड्ने, आवश्यकताअनुसार रिपोर्टिङ गर्ने, सम्पादकीय र आफ्नो स्तम्भ लेख्ने अनि पत्रिका निस्केपछि 'पोस्टमार्टम' मा एउटा 'टीम' सदस्यका रूपमा संलग्न हुने– यिनै हुन् *समय*मा सम्पादकका रूपमा मैले गर्ने काम ।

***समय*** **समाचार विश्लेषण गर्ने म्यागजिनको रूपमा चिनिन्छ। तर पनि यसमा रङ्ग, साहित्य, किताब, अनुहार जस्ता स्तम्भहरू पनि समेटिएका छन्। सबै चिज मिसाएर धेरै थरीका पाठकलाई चित्त बुझाउन खोजेको हो ?**

एक हदसम्म तपाईंको प्रश्न ठीक हो। ६० पेजको पत्रिकाको एउटा निश्चित पहिचान हुनु राम्रो हो। तर एउटा विशेष वर्गलाई मात्र निशाना बनाएर पत्रिका निकाल्दा नेपालको 'बजार' ले धान्न सक्ला र ? विभिन्न क्षेत्रका पाठकका सुझाव र व्यावहारिकताका कारण हामीले पत्रिकालाई विविधता दिएका हौँ।

**२०६१ माघ १९ पछि प्रेस स्वतन्त्रतामा व्यापक अङ्कुश लगाइयो। तर सरकारी अङ्कुशभन्दा बढी सम्पादकले आत्मसेन्सर गरे भन्ने गरिन्छ। तपाईंको अनुभव कस्तो रह्यो ?**

माघ १९ पछि मेरो या *समय* टीमको अनुभव र उनीहरूले देखाएको चरित्र नेपालमा पत्रकारिताको इतिहासको एउटा सराहनीय अध्यायका रूपमा रही रहने विश्वास छ मेरो। सम्पादकले आत्मसेन्सर गरे मात्र भनेर त्यस बेलाको परिस्थितिलाई चित्रित गर्न सकिन्न।

माघ १९ गतेपछि नेपालका पत्रपत्रिकाले फरक फरक प्रवृत्ति र चरित्र देखाए :

- सरकारी सञ्चारमाध्यम र निजी क्षेत्रका तिनका समर्थकहरूले प्रेस सेन्सरसीप लगायत राजाका सबै कदमलाई समर्थन गरे,
- अर्को थरीले तटस्थता अपनाए जसमा समर्थन र विरोध दुवै थिएन। प्रारम्भिक केही दिनसम्म सबै ब्रोडसीट दैनिकले यसो गरे,
- तेस्रो वर्गले प्रतीकात्मक विरोध गरे, सम्पादकीय र विचार पेज पूर्ण या आंशिक रूपमा खाली राखेर।
- चौथो, सुरुदेखि नै सम्पादकीय अडान लिए, आलोचना सहितका विचार पेजलाई यथावत राखे। विदेशी र अन्तर्राष्ट्रिय जगत्बाट राजाको कदमविरुद्ध आएका आलोचनालाई ठाउँ दिए। *समय* चौथो क्याटेगोरीमा सायद अग्रस्थानमा या पहिलो पत्रिका थियो।

जहाँसम्म 'आत्मसेन्सर' को कुरा हो, यदि त्यसको अर्थ विवेकको प्रयोग, छाडा नहुनु र 'संयम' हो भने सम्पादकहरूले अक्सर त्यसो गर्ने गर्छन्। मलाई विभिन्न ठाउँबाट धम्की, गाली आए। त्यसको मैले चिन्ता गरिनँ। सैनिक मुख्यालयबाट आएका अधिकारीलाई मैले सीधै भनें, "पत्रिका निस्केपछि कानुन भङ्ग गरेको लागेमा मलाई

बोलाउनुस्, एक घण्टाभित्र म तपाईंको कार्यालयमा आउने छु।" र, पहिलोपल्ट म यो डिसक्लोज गर्दैछु, सेनाका कमसेकम आधा दर्जन उच्च अधिकारीहरूले मैले लेखेका आलोचनात्मक स्तम्भहरूको प्रशंसा गर्दै (अलग अलग समयमा र बेग्लाबेग्लै) भने, "तपाईंको साहस र विचारलाई हामी सम्मान गर्छौं।"

**२०६१ माघ १९ पछि प्रेस स्वतन्त्रतामा अङ्कुश लगाएकाले तत्कालीन सरकारका मन्त्रीहरूलाई अधिकांश मिडियाले बहिष्कार गरेका थिए। तर तपाईंले त्यति नै बेला तुल्सी गिरी लगायतका व्यक्तिलाई *समय* साप्ताहिकमा स्थान दिनुभयो। प्रेस स्वतन्त्रतालाई दमन गर्नेलाई किन स्थान दिनुभएको हो ?**

प्रेस स्वतन्त्रतामा प्रत्यक्ष या अप्रत्यक्ष रूपमा कुन सरकारले अङ्कुश लगाएको छैन ? म सामाजिक रूपमा, जातिगत रूपमा, राजनीतिक रूपमा र अन्य कुनै पनि रूपमा छुवाछूत र बहिष्कारको विरोधी हुँ। हो ! साङ्केतिक प्रतिरोध जायज होला। तर बहिष्कार विरोधी हुँ म। प्रेसले कसैको विचारको दमन गर्न हुँदैन भन्ने मान्यता पनि म राख्छु। मेरा स्तम्भहरूले राजा र गिरीका आलोचना गरी नै राखे।

**अहिले नेपाली प्रेसको स्वतन्त्रताको अवस्था कस्तो छ ? यसमाथि कस-कसबाट खतरा छ ? यसलाई सुनिश्चित गर्न के गर्नुपर्ला ?**

कानुनी र संवैधानिक रिक्तता छ मुलुकमा। सर्वोच्च अदालतमाथि कार्यकारीको अङ्कुश भनौँ या प्रभाव बढ्दो छ। न्यायधिश नियुक्तिमा संसदीय सुनुवाइको शैली र 'एटिच्युड' आपत्तिजनक छ। भोलि सरकारविरुद्ध प्रेस स्वतन्त्रतासम्बन्धी मुद्दा अदालतमा परे सर्वोच्चले अहिलेको परिस्थितिमा के गर्ला मलाई थाहा छैन। राजनीतिक दलहरू, खासगरी माओवादी र जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोईत) असाध्यै असहिष्णु छन्, साथै नेपाली पत्रकारितामाथि केही आन्तरिक खतरा पनि छन्– पीत पत्रकारिता, ब्ल्याकमेल जर्नालिज्म र जवाफदेहिताको अभाव संस्थागत रूपमा यी प्रवृत्तिलाई सम्वोधन गरिनु पर्छ।

**नेपाली मिडियामा कर्पोरेट जगतको पकड बढ्दै गएको छ। सम्पादकीय स्वतन्त्रतामा मिडियाकै लगानीकर्ताको हस्तक्षेप हुने गरेको पनि सुन्न पाइन्छ। *कान्तिपुर*मा त्यस बेला धनाढ्य भनिएका रसेन्द्र भट्टराईबारे स्टोरी छाप्न व्यवस्थापनले हस्तक्षेप गरेकाले नै आफूले अवकास लिनुपरेको**

**तपाईंले *समय* साप्ताहिकमा उल्लेख गर्नुभएको थियो । मिडियालाई लगानीकर्ताको हस्तक्षेपबाट मुक्त राख्न नसकिने नै हो त ? तपाईंको अरू अनुभव कस्तो छ ?**

अवश्य पनि छ । अरू किसिमका हस्तक्षेपहरूबारे समाचार छापिन्छन्, सञ्चार हकसम्बन्धी संस्थाहरूले आवाज उठाउँछन् । तर कर्पोरेट हस्तक्षेपहरू त्यो रूपमा बाहिर निस्कँदैनन् । यद्यपि अर्को पक्ष के पनि सही हो भने 'कर्पोरेट' कार्यालय या संस्थापन उस अन्तर्गतका सञ्चारमाध्यमले नैतिक, विधिवत र उचित हित (र नाफा) को बचाउ गरेको अवस्थामा सन्तुष्ट भई दिए सम्पादकीय स्वायत्तता र जवाफदेहिताको संस्कृति स्थापित हुने छ । अर्थात् उसले आफ्ना अन्य व्यवसाय तथा हितलाई 'प्रमोट' गर्न आफ्ना सञ्चारमाध्यमको उपयोग नगरे सञ्चारमाध्यम कर्पोरेट अङ्कुशबाट बाहिर रहन सक्छ ।

मेरो कान्तिपुर प्रकाशनसँगको साढे तीन वर्षको सम्बन्ध मोटामोटी रूपमा राम्रै रह्यो । हो रसेन्द्र भट्टराई प्रसङ्गले गर्दा मैले राजीनामा गरेको हुँ । व्यवस्थापनले मलाई भट्टराईसम्बन्धी समाचार छाप्न हस्तक्षेप गरेको कुरा सही हैन । मलाई नभनी *काठमाण्डु पोस्ट* र *कान्तिपुर*का केही साथीहरूलाई समाचार छाप्न भनिएको स्पष्ट भयो मलाई । मैले राति अबेर मात्र थाहा पाएँ दुवैमा त्यो समाचार छापिँदैछ प्रमुखताका साथ भन्ने । त्योभन्दा पहिले मैले भट्टराई प्रसङ्गको समाचार एकपल्ट *कान्तिपुर*मा रोकिसकेको थिएँ सम्बन्धित संवाददातालाई यसवारे अरू रिसर्च गर्ने सुझावसहित । तर म व्यवस्थापनलाई मात्र म दोष दिन्नँ यसमा । व्यवस्थापकलाई मात्र दोष दिएर हामी पत्रकारहरू उम्कन मिल्दैन । मिडियालाई जवाफदेहिताको घेरामा ल्याउने हो भने लगानीकर्ताको नाजायज हस्तक्षेपबाट निकै हदसम्म ऊ मुक्त हुन सक्छ ।

**मिडियाले हाम्रो समाचार दिएन भन्ने गुनासो बढ्दै गएको छ ? किन यस्तो भइरहेको छ ?**

कसको समाचार ? केही शिकायत अवश्य पनि गम्भीर प्रकृतिकै होलान् । व्यावसायिकताको घेराभन्दा बाहिर गएर दलगत रूपमा आवद्ध हुँदा अर्को पक्षको समाचार 'ब्ल्याक आउट' हुनु राम्रो हैन । त्यसैले जवाफदेहिताको सिद्धान्त यसमा पनि लागू हुनुपर्छ ।

**२०६२/०६३ को आन्दोलनका क्रममा नेपाली मिडियाको प्रस्तुतिको प्रशंसा गरियो तर त्यसपछि भएका जनजाति, महिला, मधेस आदिजस्ता सामाजिक**

**आन्दोलनमा भने मिडियाको प्रस्तुतिलाई आन्दोलनका पक्षधरले त्यति रुचाएको पाइएन। मधेसको आन्दोलनका क्रममा त सञ्चारकर्मीमाथि आक्रोश पोखियो। यसको कारण के होला ?**

आन्दोलनताका नेपाली मिडियाका प्रस्तुतिको पूर्ण प्रशंसक हैन म। मैले अघि भनेझैँ शाही शासनका अलग अलग चरणमा मिडियाका भूमिका अलग अलग प्रकृतिका थियो। मिडियामा 'पूर्वाग्रह' छ र यदाकदा सडकमा उत्रने कुरामा संयम र परिभाषित भूमिकाबारे हामीकहाँ छलफल भएको छैन निर्णायक रूपमा। काठमाडौँमा आन्दोलनमा सञ्चारमाध्यम कि सडकमा थियो कि त्यसको पक्षधरको रूपमा सञ्चारमाध्यमको उपयोग गरिरहेको थियो। आन्दोलनताका आन्दोलनकारीहरूबाट भएका अनुचित कामहरूलाई सञ्चारमाध्यमले कहिल्यै प्रकाशित गरेनन्। सञ्चारमाध्यमको यो भूमिका आपत्तिजनक मात्र हैन गैरव्यावसायिक पनि हो। तर, मधेस आन्दोलनकर्ताहरू सञ्चारमाध्यमको सहभागिताको त कुरै छाडौँ उनीहरूका उचित मागबारे कभरेज समेत नहुँदा आक्रोशित हुनु स्वाभाविक पनि हो।

**नेपाली मिडियाको समाचार कक्षमा जातीय, लैङ्गिक, धार्मिक विविधता न्यून देखिन्छ। विविधताको यस्तो न्यूनताले सम्बन्धित समुदायको कभरेज ओझेलमा पर्न सक्ने सम्भावना छ कि छैन ?**

नेपाली सञ्चारमाध्यममा तपाईंले भनेजस्तो विविधता न्यून छ। तर सम्बन्धित समुदायको कभरेज त्यतिले मात्र ओझेलमा परेको भन्न मिल्दैन। 'इस्यु' लाई गम्भीरता साथ लिने, अध्ययन र रिसर्च गर्ने अनि वस्तुनिष्ठ तरिकाले यसलाई कभर गर्ने प्रवृत्तिलाई स्थापित गर्नु आवश्यक छ।

**नेपाली पत्रकारिताले राजनीतिक आग्रहसहित विषयवस्तुको उठान गरेका दृष्टान्त प्रशस्तै छन्। मिडियाले राजनीतिक आग्रह राख्न कुन हदसम्म ठीक होला ?**

त्यति उचित हुँदैन। त्यसको विषम रूप अर्को पक्षको बहिष्कार हो जुन म समर्थन गर्दिनँ। प्रजातन्त्र राजनीति मात्र हैन। प्रेस र वैयक्तिक स्वतन्त्रताको प्रत्यक्ष सम्बन्ध हुन्छ त्योसँग। त्यो प्रतिवद्धतालाई राजनीतिक आग्रह भन्न मिल्दैन। तर दलहरूसँगको आवद्धता र आग्रहले विकृति ल्याउँछ कभरेजमा।

**पत्रकारका सङ्घसंस्थाले गरिरहेको कामलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ? नेपाल पत्रकार महासङ्घले गणतन्त्रका लागि क्रियाशील हुन आफ्ना सदस्यहरूलाई**

**आह्वान गरेको सन्दर्भलाई तपाईंले एउटा रेडियोको छलफल कार्यक्रममा विरोध गर्नु भएको थियो। किन विरोध गर्नुभएको हो ?**

यसको जनरल जवाफ दिन सम्भव छैन। विभिन्न सङ्घसंस्थाहरूसँग कहिले सहमति र कहिले असहमति रहँदै आएको छ मेरो। तर पत्रकार को हो भन्ने स्पष्ट परिभाषा गरेर ती संस्थाहरूले निर्णयमा पुगी पूर्ण रूपमा आफूलाई पत्रकारको संस्था बनाएमा सहमूल्य र सहमान्यता अझ सहज रूपमा विकसित हुनसक्छ।

जहाँसम्म गणतन्त्रको कुरा हो, पत्रकार महासङ्घले आफ्ना सदस्यहरूलाई यसको पक्षमा क्रियाशील हुन आह्वान गरेको मात्र छैन, त्यसको पक्षमा निर्णय नै लियो कार्य समितिमार्फत। महाधिवेशन नबोलाई यति ठूलो विषयमा कार्य समितिले निर्णय लिने अधिकार ऊसँग भएका जस्तो मलाई लाग्दैन। र वर्तमान महासङ्घको निर्वाचनमा गणतन्त्रलाई मुद्दा बनाएर उनीहरूले चुनाव जितेका पनि हैनन्। त्यसैले यो विषय पदाधिकारीहरूको व्यक्तिगत प्रतिवद्धताको विषय मात्र हुन सक्छ।

**तपाईंले २०६१ सालमा गोरखा दक्षिण बाहु तेस्रो पाएर पनि अस्वीकार गरेको प्रेस विज्ञप्ति निकाल्नुभएको थियो। नेपाली पत्रकारितामा तपाईंको योगदानको कदर गरेर नै राज्यले तपाईंलाई सम्मान दिएको होला। किन अस्वीकार गर्नुभएको हो ?**

नेपालमा तक्मा दिने प्रक्रिया र त्यसमा पारदर्शिताको अभावबारे मैले लगातार लेख्दै आएको छु। त्यो प्रक्रियामा सुधार आएको मैले पाइनँ। मलाई दरबारको तत्कालीन संवाद सचिवले सोध्दा मैल तक्मा स्वीकार गर्न नसक्ने जवाफ दिँदा पनि मेरो नाम आयो। होला त्यस बेला राज्यले तपाईंले भने जस्तै मेरो योगदानको कदर गरेर मलाई सम्मान दिइएको हुन सक्छ। तर मैले तक्मा वितरणमा अपारदर्शी मापदण्डको आलोचना आफ्ना अभिव्यक्तिमार्फत गर्ने र त्यसबाट फाइदा पुग्दा या आफूले तक्मा पाउँदा स्वीकार गर्ने दोहोरो चरित्र देखाउन मिल्दैन। म त्यस बेला त्यही मान्यताबाट म निर्देशित भएको थिएँ।